# लैंगिक

## न्यायसंगत जलवायुका समाधानहरू

### छलफल-पत्र



Prakriti Resources Centre

टेवा Tewa

GLOBAL ALLIANCE FOR GREEN AND GENDER ACTION

# विषय सूची

सारांश ४
परिचय ५
यस छलफल-पत्रमा प्रयोग भएका केही प्रमुख शब्दावलीहरू ६
अध्ययनको उद्देश्य ६
अध्ययन विधि ७
सीमितता तथा मान्यताहरू ७

"लैंगिक न्यायसंगत जलवायु समाधान" को वर्तमान बुझाइ ७
१. सहभागिता ८
२. निर्णय प्रक्रिया ८
३. लाभको बाँडफाँड ८
४. समावेशी र विकेन्द्रीकरण ९
५. लैंगिक प्रयासहरू ९
६. लैंगिक समानता र महिला अधिकार ९
७. रूपान्तरण र महिलाका क्षमता वृद्धि ९

लैंगिक न्यायसंगत जलवायु समाधानका सिद्धान्तहरू ९
१. लैंगिक अध्ययन विश्लेषणको कार्यान्वयन १०
२. महिलाको आवश्यकता र जोखिम सम्बोधन १०
३. निर्णय प्रक्रियामा महिलाको सहभागिता र नेतृत्व सुनिश्चितता ११
४. महिलाहरूमाझ सूचना तथा जानकारी प्रसार प्रवर्द्धन १२
५. लैंगिक उत्तरदायी बजेट कार्यान्वयन १३
६. न्यायसंगत लाभ बाँडफाँड सुनिश्चितता १४
७. लैंगिक संवेदनशील जलवायु कार्य १५
८. महिला तथा अति सीमान्तीकृतप्रति जवाफदेहिता प्रवर्द्धन १६
९. लैंगिक शक्ति सम्बन्ध र भूमिकामा सकारात्मक परिवर्तन मार्फत रूपान्तरणको प्रवर्द्धन १६

निष्कर्ष १७
प्रकाशन सूची १८-१९
परिच्छेद
परिच्छेद १: व्यक्तिगत रूपमा कुराकानी गरिएका व्यक्तिहरू २०
परिच्छेद २: समूह केन्द्रित छलफलका सहभागीहरू २०
परिच्छेद ३: लैंगिक तथा महिला समानता सम्बन्धि परामर्शदाता छलफलका सहभागीहरू २१
परिच्छेद ४: समीक्षाका लागि परामर्श गरिएका व्यक्तिहरू २१

# सारांश

विकास र जलवायु परिवर्तनको संवादमा लैंगिक न्यायसंगत जलवायुका समाधान व्यापक प्रयोग हुने शब्दावली हो । यद्यपि, यस विषयमा साझा बुझाइको अभाव देखिएको हुँदा यस सम्बन्धमा थप छलफल र बुझाइको आवश्यकता देखिन्छ । यो छलफल-पत्र यस विषयको बुझाइलाई अझै स्पष्ट पार्न गरिएको प्रयास हो । यसले अभ्यासकर्ताहरुको सिकाइ र अनुभव एवम् विद्यमान प्रकाशनहरुको समीक्षा गरी लैंगिक न्यायसंगत जलवायुका समाधानका मुख्य सिद्धान्तहरु बनाउने प्रयास गरेको छ ।

### १. लैंगिक अध्ययन विश्लेषणको कार्यान्वयन

जलवायु परिवर्तनका असरहरु लैंगिक रुपले तटस्थ हुँदैनन् । जलवायु संकटको सामना गर्न महिला र बालिकाहरुको पुरुष तथा बालकहरुभन्दा फरक आवश्यकता र चुनौतीहरु रहेको हुन्छ । तसर्थ, जलवायुका कार्यहरु कार्यान्वयन गर्दा लैंगिक अध्ययन हुनु अति आवश्यक छ, जसले गर्दा जलवायु संकटले किशोर, किशोरी, महिला तथा पुरुषहरुमा पार्ने फरक प्रभावबारे बुझ्न तथा विश्लेषण गर्न मद्दत गर्दछ ।

### २. महिलाहरुको आवश्यकता र जोखिम सम्बोधन

लैंगिक न्यायसंगत जलवायुका समाधानले महिला तथा किशोरीहरुको जलवायु परिवर्तनका कारण उत्पन्न विशेष जोखिम तथा उनीहरुको आवश्यकता र अन्तरसम्बन्धलाई सम्बोधन गर्दछ ।

### ३. निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता र नेतृत्व

लैंगिक न्यायिक जलवायुका समाधानलाई बुझाउँदा महिलाहरु जलवायु परिवर्तनका पीडित मात्र होइनन् उनीहरु जलवायु समाधानका सक्रिय संवाहक पनि हुन् भनेर निर्देशित हुनुपर्दछ । तसर्थ, महिलाको अर्थपूर्ण सहभागिता तथा निर्णयकर्ताका रुपमा उनीहरुको भूमिका लैंगिक न्यायसंगत जलवायुका समाधानका लागि महत्वपूर्ण आधार हो ।

### ४. महिलाहरुमाझ सूचना प्रवाहमा प्रवर्द्धन

जलवायुका अवस्था र त्यसका असरहरुबारे महिलाहरुलाई सुसूचित बनाउनु आवश्यक हुन्छ । उनीहरुलाई के पनि जानकारी दिनुपर्छ भने जलवायु समाधान तपाईं हामीले गर्नसक्ने काम हो र यस्ता प्रयास भइरहेका पनि छन् । यस प्रक्रियामा उनीहरुको किन र कस्तो भूमिका हुन्छ र यसले कसरी लाभ दिलाउँछ भन्नेबारे पनि उनीहरुलाई सुसूचित बनाउनुपर्ने हुन्छ । साथै, विद्यमान योजना तथा परियोजनाहरुको विनियोजित बजेटबारे विस्तृत जानकारी पाउँदा उनीहरुले स्थानीय सरकार तथा पदाधिकारीहरुसमक्ष प्रभावकारी रुपमा पैरवी गर्न र दबाब दिन सक्छन् ।

### ५. लैंगिक उत्तरदायी बजेट कार्यान्वयन

जलवायु कार्यका लागि लक्षित बजेट किशोरी, महिला तथा लैंगिक लक्षित कार्यका लागि स्पष्ट रुपमा विनियोजित हुनुपर्दछ ।

### ६. न्यायसंगत लाभ बाँडफाँडको सुनिश्चितता

जलवायु कार्यमार्फत किशोरी तथा महिलाहरुले समान तथा न्यायसंगत लाभ पाउनुपर्दछ, त्यस्तो लाभ आर्थिक वा अन्य रुपमा पनि हासिल हुन सक्दछ ।

### ७. लैंगिक संवेदनशील जलवायु कार्य कार्यान्वयन

लैंगिक न्यायसंगत जलवायु समाधानले संरचनागत बाधाहरुलाई सम्बोधन गर्दै प्रस्तावित समाधानका उपायहरुमा महिलाहरुलाई पहुँच र लाभको समान अवसर उपलब्ध गराउँछ । र, विद्यमान लैंगिक सोच, विभेद र असमानतालाई बढावा दिँदैन ।

### ८. महिला तथा किशोरीप्रति जवाफदेहिताको प्रवर्द्धन

लैंगिक न्यायसंगत जलवायु समाधानले पारदर्शी सूचना आदानप्रदानमार्फत बालिका र महिलाको अधिकारको रक्षा गर्न, लैंगिक बजेटको उचित विनियोजन र उपयोग सुनिश्चित गर्न, महिलालाई न्यायसंगत लाभ बाँडफाँड गर्न र बालबालिका विशेषगरी बालिकाहरुमा जलवायु समाधानको कुनै पनि प्रतिकूल प्रभावको अनुगमन गर्नका लागि जवाफदेही संयन्त्रहरुको निर्माण गर्नुपर्दछ ।

### ९. लैंगिक शक्तिसम्बन्ध र भूमिकामा सकारात्मक परिवर्तन ल्याउँदै रुपान्तरण प्रवर्द्धन गर्दछ

लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाहरुको प्रजातान्त्रिक अधिकार र आत्मनिर्णयको प्रवर्द्धन गर्दछ । साथै, लैंगिक न्यायसंगत जलवायु समाधानले शक्ति सम्बन्धलाई सुधार गर्न र समुदायमा महिलाको भूमिकालाई प्रबल बनाउन भूमिका निर्वाह गर्दछ ।



# परिचय

जलवायु परिवर्तनका असरहरू लैंगिक रूपले तटस्थ हुँदैनन् । महिलाहरू आर्थिक, सामाजिक र प्राकृतिक स्रोतहरूमाथि आश्रित हुनुपर्दा उनीहरू जलवायु परिवर्तनको बढी जोखिममा परेका हुन्छन् (Prakriti Resources Centre, 2018) । जलवायु परिवर्तनका जोखिम गरिबीका कारणले मात्रै नभई, लैंगिक मूल्य-मान्यता र त्यसले निर्देशित श्रम विभाजनबाट उत्पन्न विभेद र असमानताका कारण भएको हुँदा महिलाहरू नै बढी प्रभावित भएका हुन्छन् (Ogra & Badola, 2015; Alston, 2014) । उदाहरणका लागि बाढी आएकै बेलामा पनि जीवनरक्षार्थ आवश्यक पौडी खेल्ने सीप किशोर र पुरुषको तुलनामा महिला तथा बालिकाले नजान्दा उनीहरू प्रभावित हुने अनुपात अधिक देखिन्छ (Ahmed & Fajber, 2009) र महिलाहरू घरको हेरविचार गर्न वा घरमा भएमा, वृद्धवृद्धा वा केटाकेटीको हेरचाहका लागि बस्नुपर्ने हुँदा उनीहरू नै मारमा परिरहेको देखिन्छ । समाजले महिलाहरूको आवतजावतमा बन्देज लगाएका कारणले तोकिएको सुरक्षित स्थल (सेल्टर) मा जान नपाउँदा पनि महिलाहरू आपत्कालीन अवस्थामा बालबच्चा तथा घरको जायजेथा सुरक्षित पार्ने क्रममा घाइते भइरहेका हुन्छन् (Sultana, 2014) । त्यसमाथि महिलाहरूले आफ्नो जीविकोपार्जनका लागि प्रकृतिसँग प्रत्यक्ष रूपमा निर्भर रहनुपरेका कारण उनीहरूले जलवायु परिवर्तनले ल्याउने फेरबदलको सामना गर्नु परिरहेको हुन्छ (Tanjeela & Rutherford, 2018) र उनीहरूको जीविकोपार्जनका स्रोतहरू जोखिममा परेका हुन्छन् (Ogra & Badola, 2015; Tanjeela & Rutherford, 2018) । उदाहरणका लागि महिलाहरूले खानेपानीको जोहो गर्नुपर्ने दायित्वका साथै आगो बाल्न चाहिने दाउरा वा ऊर्जाको पनि जोहो गर्नुपर्ने हुन्छ (Denton, 2002; Ahmed & Fajber, 2009; Sultana, 2014; Tanjeela & Rutherford, 2018) । तसर्थ, लैंगिक भूमिका र जलवायु परिवर्तन अन्तरसम्बन्धित विषय हुन् ।

साथै, सामाजिक मूल्य-मान्यता तथा समुदायमा रहेको शक्ति सम्बन्ध, खासगरी पितृसत्तात्मक संरचनाका कारण, किशोरी तथा महिलाहरूलाई उपयुक्त जलवायु अनुकूल वा न्यूनीकरणका उपाय अपनाउन असहज अवस्था सिर्जना गरेको पाइन्छ । उदाहरणका लागि महिलाहरूको स्रोतसाधनहरूमा पहुँचको कमी (Bee, 2013; Denton, 2002), खासगरी सिंचाइका लागि पानीको पहुँचमा, सापटी वा ऋण उपलब्धता, जुन जग्गाको स्वामित्वसँग सम्बन्धित भएका कारण त्यसमा पहुँच बनाउन असहज हुने संरचनागत कारणले जलवायु परिवर्तन अनुकूलनमा समस्या देखिन्छ (Ahmed & Fajber, 2009) । निर्णय प्रक्रियामा अधिकार नहुँदा (Bee, 2013), जस्तै विपद् व्यवस्थापन समितिमा महिलाको आवाज नसुनिँदा विपद् राहत प्रदान गरिँदा विभेद हुन्छ (Ahmed & Fajber, 2009; Sultana, 2014; Tanjeela & Rutherford, 2018) र सूचनामा पहुँचको कमीका कारण, जस्तै बाढीको पूर्व सूचना प्रणालीको अभावले (Ahmed & Fajber, 2009) जलवायुजन्य विपद्मा महिलाहरूको जोखिमलाई बढाइदिन्छ।

विकाससँग सम्बन्धित क्षेत्रमा लैंगिक न्यायसंगत जलवायु समाधान एउटा प्रचलित शब्दावली हो । यस शब्दावलीको उपयोग विभिन्न सरकारी निकायका साथै गैरसरकारी क्षेत्रमा पनि हुने गरेको छ । यद्यपि, यस शब्दावलीले के जनाउँछ ? भन्ने सम्बन्धमा यसको प्रयोगकर्ता र साझेदार निकायबीच साझा बुझाइ हुनु आवश्यक छ । यसो भएमा यस शब्दावली उपयोग गर्ने निकायहरूबीच गलत बुझाइ र शंका रहने सम्भावना न्यून हुन्छ र सहकार्यमा सहजता हुन्छ । साथै, लैंगिक न्यायसंगत जलवायु समाधानका बारे साझा बुझाइ र यसका आधारभूत सिद्धान्तहरूको विकासबाट जलवायु कार्यहरू साँच्चै नै लैंगिक

न्यायसंगत/न्यायिक हस्तक्षेप आवश्यक छन् भन्ने सुनिश्चितता गर्न मद्दत गर्दछ । यसका साथै, यसले जवाफदेहिताको व्यवस्था बनाउन पनि मद्दत गर्दछ, जसले सरकार तथा अन्य विकास साझेदारहरूलाई जलवायु परिवर्तन र लैंगिक समानताका मुद्दाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूप्रति जिम्मेवार बनाउँछ ।

तसर्थ, लैंगिक न्यायसंगत जलवायु समाधान आजको जलवायु यथार्थमा अति आवश्यक छ । महिलाहरू जोखिमका पात्र हुन् भन्ने कथनबाट विकसित भएको लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाले नेतृत्व गरेको, महिलाको स्वामित्व रहेको, महिलाले पहिचान गरेको समस्यामा उनीहरूले नै समाधान खोज्ने वातावरणको सुनिश्चितता गर्दछ । लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाहरूलाई आफ्नो समुदायमा सक्रिय संवाहकका रूपमा स्थापित हुने आधार दिन्छ, जहाँ उनीहरूले आफ्नो प्रजातान्त्रिक अधिकारको अभ्यास गर्दै जलवायु अनुकूलित हुन र सामाजिक तथा आर्थिक रूपमा सशक्तीकरणका लागि बढावा दिने कार्य गर्न सक्दछन् ।

## यस छलफल-पत्रमा प्रयोग भएका केही प्रमुख शब्दावलीहरूः

**लैंगिकता (जेन्डर)**ः नेपालमा विकास क्षेत्रमा लैंगिकतालाई "महिला" सँग मात्र सीमित गरेर हेर्ने चलन छ । लैंगिकताले सामाजिक रूपमा निर्मित मूल्य-मान्यतालाई जनाउँछ, जसमा उनीहरूसँगको अपेक्षा तथा सामाजिक विश्वास लगायत महिला/किशोरी तथा पुरुष/किशोरलाई समाजले तोकिएको भूमिका समेटिएका हुन्छन् । यसले महिला, पुरुष र लैंगिक अल्पसंख्यकहरूबीचको शक्तिको तहलाई प्रभाव पार्दछ । नेपालको सन्दर्भमा लैंगिकतालाई अन्तरविच्छेदन दृष्टिकोणबाट हेर्नुपर्ने हुन्छ । सदियौंदेखि संरचनागत थिचोमिचो र सीमान्तीकृतहरूमाथि हुने पारम्परिक थिचोमिचोले गर्दा निश्चित समुदायले लाभ पाउने र अन्य समुदाय वञ्चितमा पर्ने अवस्था सिर्जना भएको छ । तसर्थ, भिन्न जाति, जातीयता, धार्मिक, आर्थिक समूह, क्षमता र अल्पसंख्यक लैंगिक समुदायले भोगेका अनुभवहरू भिन्न छन् र उनीहरूले पाउन सक्ने अवसर पनि समान छैन । यी भिन्न वर्गीय समूहमा पनि किशोरी तथा महिलाहरू समाजमा निम्न भूमिकामा रहेन हुँदा, सम्पत्तिमा पहुँच र अधिकार नभएका कारणले तथा पितृसत्तात्मक संरचनाका कारणले थप जोखिममा पर्ने गरेका छन् । तसर्थ, लैंगिक न्यायका बारेमा छलफल गर्दा, प्रत्येक व्यक्तिको जातीय तथा आर्थिक पृष्ठभूमिको बारेमा पनि समीक्षा र विश्लेषण गर्नुपर्ने हुन्छ । यस प्रकाशनले लैंगिक न्यायसंगत जलवायु समाधान खोज्दा लैंगिक तथा अन्य अन्तर्सम्बन्धित विषयको महत्वलाई जोड दिएको छ ।

**लैंगिक न्याय**ः जलवायु परिवर्तनका सन्दर्भमा लैंगिक न्यायको अर्थ एक मात्र होइन अनेकौं हुन सक्छ । लैंगिक न्यायको छलफलको पृष्ठभूमिमा राजनीतिक दर्शनका छलफलहरूमा मानवीय स्वायत्तता, अधिकार, क्षमताका साथै राजनीतिक शास्त्रका विषयहरू जस्तै- प्रजातन्त्रीकरण, नागरिकता र संवैधानिकता तथा कानुनको क्षेत्रमा न्यायिक कानुन र न्यायमा पहुँच जस्ता विषय समेटिएका हुन्छन् (Goetz, 2007) । जलवायु परिवर्तनका असरले महिला तथा लैंगिक अल्पसंख्यकहरू असमान रूपमा प्रभावित छन् । तसर्थ, न्यायसंगत कार्यका लागि जलवायु वित्त विनियोजना गर्दा लैंगिक दृष्टिकोणले हेरिनुपर्दछ (Richards, 2018) । यद्यपि, यस छलफल-पत्रले लैंगिक न्याय भन्नाले महिला तथा पुरुषको सूचनाको पहुँचमा समान अवसर, संरचनागत बाधाहरूलाई सम्बोधन गर्ने जलवायु अनुकूलन र कार्बन न्यूनीकरण सम्बन्धी नीतिगत निर्णय र वित्तीय/सामाजिक सुरक्षाको व्यवस्था र समुदायभित्रको शक्ति सम्बन्धलाई सम्बोधन गरिएको बुझाउनेछ ।

**जलवायु समाधान**ः जलवायु समाधान भन्नाले ती कार्यहरू हुन् जसले जलवायु परिवर्तनका प्रभावहरूलाई सम्बोधन गर्दछ । यस्ता कार्यहरू न्यूनीकरण वा अनुकूलन लक्षित हुन सक्छन् । यस छलफलमा प्रयोग भएको "जलवायु समाधान" शब्दावलीले कुनै पनि कार्य जसले न्यूनीकरण र अनुकूलनका उपाय अपनाउँदै जलवायु परिवर्तनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बोधन गरेको हुन्छ ।

## अध्ययनको उद्देश्य

यस छलफल-पत्रको उद्देश्य जलवायु समाधानलाई "लैंगिक न्यायसंगत जलवायु समाधान" भन्न मुख्य सिद्धान्तहरूको विकास गर्नु हो । यस छलफल-पत्र नेपालका विभिन्न समुदायहरूमा सञ्चालन गरिएका जलवायु कार्यहरूमा केन्द्रित छ । यस पत्रका निष्कर्षहरू सरकारी निकाय, विकास साझेदार, महिला तथा वातावरणीय संघसंस्था, प्राज्ञिक वर्ग र अन्य सम्बन्धित साझेदार हरूलाई आफ्ना कार्यक्रम तथा योजनाहरूमा महिला अधिकार र लैंगिक न्यायको खाका कोर्न विशेष गरी लैंगिक न्यायसंगत जलवायु समाधान योजना तथा कार्यान्वयन गर्न सहयोगी हुने आशा गरिएको छ । साथै, यस छलफल-पत्रले "लैंगिक न्यायसंगत जलवायु समाधान" को साझा बुझाइ निर्माणमा सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## अध्ययन विधि

यस छलफल-पत्रमा गुणात्मक (qualitative) अध्ययन विधि अपनाइएको छ । सम्बन्धित विषयका प्रकाशनहरू समीक्षा गर्दै तथ्यांक संकलन गरिएको छ । यस क्रममा अर्ध-संरचनागत अन्तर्वार्ता र केन्द्रित समूह छलफल (FGD) शैली अपनाई महिला समूह, महिला संस्था, विकास आयोजनाहरूका लैंगिक सम्पर्क व्यक्ति, र लैंगिक विज्ञहरूसँग छलफल पनि गरिएको छ । महिला समूहहरू वातावरणीय तथा जलवायु परिवर्तनका मुद्दाहरूमा स्थानीय तहमा काम गरिरहेका समूहहरू हुन् । महिला संगठनहरू गैरसरकारी संस्थाका रूपमा संगठित निकाय हुन् जसले समुदाय स्तरमा कार्यक्रमहरू आयोजना गरी महिला तथा वातावरणीय विषयहरूलाई सम्बोधन गर्दछन् । विकास आयोजनाका लैंगिक सम्पर्क व्यक्तिहरूले विकास परियोजनाहरूमा लैंगिक पक्षहरूलाई एकीकृत/समावेशी बनाउन जिम्मेवारी निर्वाह गर्दछन् । लैंगिक विज्ञ भन्नाले त्यस्ता अनुभवी व्यक्ति हुन् जसले नेपालमा सञ्चालित विकास कार्यक्रमहरूमा लैंगिकता र त्यससँग अन्तर्सम्बन्धित सन्दर्भहरूलाई आफ्ना क्षेत्रमा लागू गर्दछन् र हाल उनीहरू जलवायु परिवर्तनका क्षेत्रमा क्रियाशील छन् । (यस छलफल-पत्रका लागि परामर्श गरिएका व्यक्तिहरूका बारेमा परिच्छेदमा हेर्नुहोला)

यस छलफल-पत्र तयार गर्ने क्रममा महिला संगठनहरूका प्रतिनिधिहरू, विकास परियोजनाका लैंगिक सम्पर्क व्यक्ति र लैंगिक विज्ञसँग अन्तर्वार्ता गरिएको थियो । प्रत्येक व्यक्तिसँग एक घण्टा लामो अन्तर्वार्ता गरिएको थियो र ती अन्तर्वार्तालाई अभिलेख प्रयोजनका लागि रेकर्ड पनि गरिएको थियो । महिला समूहमा २९ जना सहभागीले दुई सत्रमा सञ्चालित समूह केन्द्रित छलफल (FGD) मा भाग लिए जुन सत्र डेढ घण्टा लामो थियो । महिला समूहबाट भाग लिने सदस्यहरू देशका विभिन्न स्थानबाट आएका थिए । त्यसरी सहभागी भएका सदस्यहरू महिला तथा पुरुष थिए । पहिलो सत्रको समूह केन्द्रित छलफलमा सहभागीहरूले लैंगिक न्यायसंगत जलवायु समाधानको अवधारणामाथि छलफल गरेका थिए भने दोस्रो सत्रको समूह केन्द्रित छलफलमा सहभागीहरूले एउटा निश्चित काल्पनिक परिप्रेक्ष्यमा लैंगिक न्यायसंगत जलवायु समाधान का अवसरहरूलाई कसरी उपयोग गर्न सक्छन् भन्ने विषयमा छलफल गरिएको थियो । सन् २०१८ देखि नै प्रकृति रिसोर्सेस् सेन्टर (PRC) र टेवा (TEWA) ले बोथइन्ड्स (Both ENDS) र ग्लोबल एलायन्स फर ग्रीन एन्ड जेन्डर एक्सन (GAGGA) सँग साझेदारी गर्दै जलवायु समाधानका क्षेत्रमा महिला समूहहरूको सशक्तीकरण र क्षमता अभिवृद्धिमा काम गर्दै आएको छ । सो परियोजनाबाट हासिल गरिएका सिकाइ उपलब्धि पनि यस छलफल-पत्र निर्माणमा सहयोगी सिद्ध भए ।

तथ्यांक विश्लेषण गर्ने काम विषयगत समीक्षामार्फत गरिएको छ । अन्तर्वार्ताहरूलाई लिखित रूपमा उतारिसकेपछि विषयगत खण्डमा विभाजन गरेर एउटा खाका तयार पारियो । त्यसपछि विषयवस्तुहरूलाई संकेत (कोड) गरेर सारियो ।

अध्ययनको प्रारम्भिक नतिजा महिला तथा लैंगिक क्षेत्रसँग सम्बन्धित परामर्श बैठकमा सार्वजनिक गरिएको थियो । सो बैठकमा उनीहरूद्वारा प्रस्तुत प्रतिक्रियालाई पनि यस छलफल-पत्रमा समावेश गरिएको छ । यस छलफल-पत्रलाई लैंगिक विज्ञहरूबाट दुई चरणमा समीक्षा (पिर-रिभ्यु) गराइएको छ ।

## सीमितता तथा मान्यताहरू

जलवायु समाधानमा लैंगिक न्यायको अवधारणा अत्यन्तै विस्तारित र जटिल छ । त्यसलाई मनन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा लैंगिक न्यायमाथि निकै बहस/संवाद गर्नुपर्ने खाँचो छ । तर यस पत्रले लैंगिक न्यायिक जलवायु समाधानको बहस तथा खोजलाई समुदाय स्तरमा मात्रै सीमित गरेको छ ।

जलवायु समाधानको विषय पनि उत्तिकै विस्तारित र जटिल छ । जलवायु समाधान सफलतापूर्वक सम्पन्न गर्न प्राविधिक, आर्थिक र सामाजिक कारकहरूको भूमिका रहेको हुन्छ । यद्यपि, यस प्रकाशनले जलवायु समाधानका उपाय दिइएको छ भनी मानेको छ र छलफललाई लैंगिक न्यायको पक्षमा मात्र सीमित गरेको छ ।

## "लैंगिक न्यायसंगत जलवायु समाधान" को वर्तमान बुझाइ

लैंगिक न्यायसंगत जलवायु समाधानको अवधारणा र विषयवस्तुहरूको बुझाइका लागि उपलब्ध प्राज्ञिक प्रकाशनहरू र अन्तर्राष्ट्रिय/गैरसरकारी संस्थाका प्रकाशनहरूको समीक्षा गरिएको थियो । यस क्रममा ६ वटा प्रकाशनहरूको सन्दर्भहरूलाई लिइएको छ (परिच्छेद हेर्नुहोला) ।

पछिल्ला दशकमा लैंगिकता र जलवायु परिवर्तनसम्बन्धी प्रकाशनहरूको वृद्धि हुँदै आएको छ । प्राज्ञिक क्षेत्र,

अन्तर्राष्ट्रिय/गैरसरकारी संस्थाहरूले जलवायु परिवर्तन र लैंगिक समानता, लैंगिक मूलप्रवाहीकरण, लैंगिक संवेदनशीलता र लैंगिक उत्तरदायी लगायतका विषयमा कैयौं प्रकाशनहरू तयार पारिएका छन् । यद्यपि, यस छलफल-पत्र तयार पार्न गरिएको पूर्वकार्यको समीक्षामा "लैंगिक न्याय" शब्द उपयोग भएका प्रकाशनहरूको मात्रै सन्दर्भ लिइएको छ । यस क्रममा "लैंगिक न्याय" ले के भन्न खोजेको स्पष्ट नभएका सन्दर्भस्रोतलाई भने हटाइएको छ । समीक्षाका मुख्य निष्कर्षहरू निम्न बुँदामा प्रस्तुत गरिएको छ ।

### १. सहभागिता

लैंगिक न्यायसंगत जलवायु समाधानका लागि महिला सहभागिता अनिवार्य छ। जलवायु परिवर्तनसम्बन्धी परियोजनाको खाका निर्माण र कार्यान्वयन गर्दाका दुवै चरणमा महिला तथा स्थानीय समुदायलाई समावेश गर्नुपर्दछ । त्यस्तै, भट्टराई (2020) को नेपालमा लैंगिक तथा वनक्षेत्रसम्बन्धी अध्ययनमा महिलाहरूको सहभागिता संख्या मात्रै होइन, उनीहरूको निर्णय प्रक्रिया र अभ्यासका चरणमा प्रभावकारी सहभागिता सुनिश्चित गर्न अर्थपूर्ण सहभागितालाई ध्यान दिनुपर्ने उल्लेख गरेकी छिन् ।

### २. निर्णय प्रक्रिया

भट्टराईले के पनि उल्लेख गरेकी छिन् भने निर्णय लिँदा लैंगिक आयाम र गतिशीलतालाई पनि ध्यान दिन जरुरी छ । त्यस्तै, Women and Gender Constituency को "लैंगिक न्यायसंगत जलवायु समाधान" अवार्डमा मनोनीत गर्ने एउटा मापदण्ड कार्यान्वयन गरिएका योजनामा स्थानीय महिला, पुरुष, महिला समूह र स्थानीय समुदायको निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिएको हुनुपर्दछ (Baral, et al., 2022) । यसका साथै, निर्णय प्रक्रियामा महिला तथा पुरुष दुवैको सहभागिता हुनुपर्दछ (Terry, 2009) । महिलाको सहभागिता सांकेतिकतामा मात्र सीमित हुनु हुँदैन । निर्णय प्रक्रियामा सहभागिता जनाएका महिलाले आफ्ना अजेन्डाहरू निर्धक्कसँग प्रस्तुत गर्ने र त्यसको पक्षमा प्रतिवाद गर्न सक्नुपर्दछ (IASS Postdam, 2022) ।

### ३. लाभ बाँडफाँड

लैंगिक न्यायसंगत जलवायु समाधानका सन्दर्भमा जलवायु समाधानबाट कसले लाभ पाउँछ भन्ने कुरा महत्वपूर्ण हुन्छ । Women and Gender Constituency ले "महिला, पुरुष र युवाहरूलाई लाभमा समान पहुँच दिन्छ" भन्ने निर्धारण गर्दछ जुन लैंगिक न्यायसंगत जलवायु समाधानको एउटा योग्यता हो (Barre, et al., 2022) । यद्यपि, महिला र पुरुषबीचमा समान ढंगले लाभ मात्र बाँडफाँड गरिने होइन लागत पनि सोही अनुपातमा बाँडफाँड गर्नुपर्दछ (Terry, 2009) । साथै, आइएएसएस पोस्टड्याम (2022) का अनुसार व्यक्तिहरूलाई कसरी लाभ, स्रोतको पहुँच, अवसर र सहयोग तथा बोझ बाँडफाँड हुन्छ भन्नेबारे स्पष्ट प्रतिबिम्बित हुनुपर्दछ । यसलाई मानव तथा पारिस्थितिक कल्याणका लागि लाभहरूको मूल्यांकन गर्दा यी प्रतिबिम्बहरूलाई विचार गर्नुपर्छ ।



### ४. समावेशी तथा विकेन्द्रकरण

कुनै पनि लैंगिक न्यायसंगत जलवायु समाधान समावेशी हुनुपर्दछ र यसले अन्तरवर्गीय दृष्टिकोणहरूलाई पनि सम्बोधन गर्नुपर्दछ (IASS Postdam, 2022) । त्यसमाथि जलवायु समाधान स्थानीय रूपमै अगुवाइ गरिएको र स्थानीय तहमै नेतृत्व गरिएको हुनुपर्दछ (Barre, et al., 2022) ।

### ५. लैंगिक प्रयासहरू

लैंगिक न्यायसंगत जलवायु समाधानले समाजमा विद्यमान संरचनागत असमानतालाई सम्बोधन गर्नुपर्दछ (IASS, 2022) र स्थानीय लैंगिक सम्बन्धलाई ध्यान दिनुपर्दछ (Terry, 2009) । सो क्रममा लैंगिक उत्तरदायी प्रयासलाई उपयोग गर्नुपर्दछ (IASS Postdam, 2022) ।

### ६. लैंगिक समानता र महिला अधिकार

लैंगिक न्यायसंगत जलवायु समाधानले लैंगिक समानताको पृष्ठपोषणलाई बढावा गर्नुपर्दछ । यसले महिला तथा किशोरीहरूले आफ्नो अधिकारको साँच्चिकै उपभोग गर्न सक्ने वातावरणको वकालत गर्नुपर्दछ जहाँ संरचनागत र विभेदपूर्ण मूल्य-मान्यताहरू उनीहरूको योगदान र जीवनको आनन्द उठाउन सक्ने क्षमतामा बाधा नबनून् (IASS Postdam, 2022) । लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाहरूको प्रजातान्त्रिक अधिकारलाई प्रवर्द्धन गर्नुपर्दछ (IASS Postdam, 2022; Terry 2009) । साथै, लैंगिक न्यायसंगत जलवायु समाधानले महिला तथा पुरुषलाई प्रतिस्पर्धा गर्न, पहुँच गर्न र स्रोतमाथि अधिकार गर्न समान अवसर पाएको सुनिश्चित गर्नुपर्दछ (Daniel, 2022) ।

### ७. रूपान्तरण र महिला क्षमता वृद्धि

लैंगिक न्यायसंगत जलवायु समाधानमा लैंगिक रूपान्तरणको दृष्टिकोणलाई समावेश गर्नुपर्छ । यी दृष्टिकोणले व्यवहार हरुलाई कसरी रूपान्तरण गर्न सकिन्छ, समस्याको जरो के हो र समताको सन्दर्भमा यी प्रश्नहरू सोध्न समावेशी शासन व्यवस्था हुनुपर्दछ भन्ने गम्भीर चिन्तन राख्नुपर्दछ, (IASS Postdam, 2022) । साथै लैंगिक मान्यता तथा भूमिकाको रूपान्तरणसँगै लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाको सीपलाई पनि सबल बनाउनुपर्दछ, यसमा महिलाहरूको उत्थानशीलता बढाउने, उनीहरूको विशेष ज्ञानको पहिचान गर्ने र महिला सशक्तीकरणका लागि नेतृत्वदायी भूमिका पनि खेल्नुपर्दछ । यस बाहेक महिलाहरू जोखिममा रहेका पीडितहरू हुन् भन्ने कथनलाई चिर्दै उनीहरू परिवर्तनका शक्तिशाली संवाहक हुन् भन्ने विषयतर्फ केन्द्रित हुनुपर्दछ (IASS Postdam, 2022) ।

विकासको क्षेत्रमा पछिल्लो समय लैंगिक न्यायसंगत जलवायु समाधान शब्दावलीको बढ्दो प्रयोग देखिए तापनि यस शब्दावलीको कुनै विश्वव्यापी परिभाषा नभएको तथ्यलाई उजागर गरेको छ । केही परिभाषाहरू साँघुरा छन् भने केही परिभाषा अन्तर्सम्बन्धित क्षेत्रहरूसँग सम्बन्धित हँदै फराकिला छन् । यद्यपि, यस समीक्षाबाट साभार गरिएको लैंगिक न्यायसंगत जलवायु समाधानका मुख्य तीन सिद्धान्तले महिलालाई जलवायु समाधानको मुख्य भूमिका निर्वाहकर्ताका रूपमा अंगीकार गरेका छन् । सहभागिता, आफ्नो आवाज उठाउँदै र स्रोत र समाधानमा पहुँचमा पनि समान अवसर प्राप्त हुनुपर्दछ । लैंगिक न्यायसंगत जलवायु समाधानले संरचनागत बाधालाई मात्र सम्बोधन गर्ने होइन बरु परम्परागत लैंगिक सोचमा पनि परिवर्तन गर्नुपर्दछ ।

## लैंगिक न्यायसंगत जलवायु समाधानका सिद्धान्तहरू

लैंगिक न्यायसंगत जलवायु समाधान एक बहुआयामिक शब्दावली हो, जसलाई सामान्यतया विभिन्न संस्थाहरूले विभिन्न तरिकाले बुझ्ने गर्दछन् । त्यसैले, यसको समान्य तथा स्वीकार्य परिभाषा पाउन सहज छैन । यद्यपि, निष्पक्ष रूपमा “ लैंगिक न्यायसंगत जलवायु समाधान” भनि चिनिनको लागि जलवायु कार्यहरूले केही सिद्धान्तहरू अवलम्बन गरेको हुनैपर्छ । लैंगिक न्यायसंगत जलवायु समाधान हुनको लागि जलवायुका विशेष जोखिमहरू सम्बोधन गर्ने खालका समाधानहरू हुन त जरुरी हुन्छ नै, तर यति मात्र भएर लैंगिक न्यायसंगत जलवायु समाधान हुन पर्याप्त भने हुँदैन ।

## १. लैंगिक अध्ययन विश्लेषणको कार्यान्वयन

जलवायुका समाधानसम्बन्धी योजना बनाउनुअघि छुट्टै लैंगिक विश्लेषण भएका अध्ययनहरू गर्नु लैंगिक न्यायसंगत जलवायु समाधानको एउटा महत्वपूर्ण आधार हो । लैंगिक विश्लेषणको उद्देश्य भनेको किशोर, किशोरी, पुरुष र महिलाका विशेष जोखिमहरू, जलवायुसँग सम्बन्धित आवश्यकताहरू, चुनौतीहरू र अवसरहरू पत्ता लगाउनु र बुझ्नु हो । स्थिति विश्लेषण, आवश्यकता विश्लेषण, साम्भव्यता अध्ययन, जोखिम विश्लेषण जस्ता अन्य अध्ययनहरूमा पनि लैंगिकताको विषय समावेश गरिएको हुनुपर्दछ । यी अध्ययनहरू गर्दा महिलाहरूसँग उनीहरूको विशेष आवश्यकताहरू के हुन् भनी थाहा पाउन र उनीहरूले भोगिरहेका चुनौती र बाधाहरू पत्ता लगाउन परामर्श गर्नुपर्दछ । यसैगरी, यी अध्ययनहरूका निष्कर्ष तथा सुझावहरूलाई जलवायु समाधानका योजनामा समावेश गरी कार्यान्वयन गर्नु उत्तिकै जरुरी छ ।

यस अध्ययनका लागि महिला संस्थाहरूसँग छलफल गर्दा यदि महिलाहरूका लागि छुट्टै बजेट छुट्याइएको छ भने त्यो बजेट महिलाहरूको क्षमतावृद्धिका लागि धेरैजसो महिला गतिविधि, तालिमहरू जस्तै, सिलाइ र बुनाइका लागि खर्च भएको भन्ने पत्ता लाग्यो । ती महिला संस्थाहरूले महिला यी कार्यहरूभन्दा धेरै गर्न सक्षम छन् भनी जवाफ दिए: महिलाहरू पनि जलवायु समाधानका नयाँ प्रविधिहरू, जस्तै मेसिनसम्बन्धी सिक्ने, इन्डक्सन कुकरजस्ता विद्युतीय खाना पकाउने यन्त्र मर्मत गर्नेजस्ता कार्यहरू सिक्न इच्छुक हुन्छन् । योजना बनाउनुपूर्व आवश्यकता मूल्याङ्कनका अध्ययनहरू गरेमा महिलाहरूमा अरू सीपहरूको आवश्यकता र उनीहरूको रुचिहरूमाथि प्रकाश पार्न सकिन्छ । यी महिला संगठनहरूले गरेको मूल्याङ्कन जस्तै, नेपालमा लैंगिक उत्तरदायी बजेटका पहलहरूको प्रभावकारिता बारे अध्ययन गर्दा महिलाका आवश्यकताहरू विश्लेषण नगरी चलाइएका परियोजनाहरू महिलाहरूका लागि प्रभावकारी र लाभदायी नभएको देखियो । राम्रोसँग आवश्यकता विश्लेषण नगरी कार्यान्वयन गरिएका कार्यक्रमहरूले अवश्य पनि कार्यान्वयनको प्रणालीलाई बढावा दिन्छ (Page 223) । यस अध्ययनको अनुसार, लैंगिक आवश्यकता विश्लेषणमा आधारित लैंगिक विकासका परियोजनाहरूलाई मात्र गुणस्तरीय तथा प्रभावकारी मान्न सकिन्छ (Rajkarnikar, 2019).

## २. महिलाको आवश्यकता र जोखिम सम्बोधन

जलवायुका समाधानहरूलाई त्यतिबेला लैंगिक न्याय भन्न सकिन्छ जब ती समाधानहरूले महिलाहरूका आवश्यकताहरूलाई पहिचान गरी सम्बोधन गर्छ । लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाहरूको जलवायु उत्थानशीलतालाई बढाउने काम गर्नुपर्दछ । पहिले नै स्थापित गरिएझैं, जलवायु परिवर्तनका असर लैंगिक छन् । जलवायुका समाधानहरूले जलवायुका संकटहरूलाई सम्बोधन गरेका हुन सक्छन् । यद्यपि जलवायु समाधानले कसका संकटहरूलाई सम्बोधन गरिरहेको छ भनी खोज्न जरुरी छ । यस क्षेत्रमा महिलाहरूको अन्तरसम्बन्धलाई विचार गर्न पनि उत्तिकै महत्वपूर्ण हुन्छ । महिलाका जोखिमहरू उनीहरूको हैसियत, अवस्था, पद, पेशा, बसोवास गर्ने ठाउँको



भूगोल जस्ता अन्य कुराहरूका आधारमा भिन्न हुन सक्छन् । उदाहरणको लागि, नदीको किनारामा बसोबास गर्ने, प्राकृतिक स्रोतहरूमा भारी रूपले निर्भर रहेको एक कृषक महिलाको जलवायुसम्बन्धी जोखिमहरू बैंकमा कार्यरत एक शहरिया महिलाको भन्दा भिन्न हुन सक्छ । त्यसैले, जलवायुका समाधानहरूले महिलाहरूका जोखिमहरूलाई सम्बोधन गर्नैपर्छ भनिरहँदा, हामीले अन्तरसम्बन्धको दृष्टिकोणको माध्यमबाट महिलाहरूको फरक जोखिमहरूका लागि लैंगिक न्यायसंगत जलवायु समाधानहरू सिर्जना गर्नुपर्छ ।

एक सामुदायिक वन उपभोक्ता समूहमाथि तयार गरिएको अध्ययन पत्रबाट साभार गरिएको निम्नलिखित केसले जलवायुका समाधानहरूमा महिलाका आवश्यकताहरू कसरी सजिलै नजरअन्दाज गरिएको हुन्छ भनी चित्रण गरेको छ ।

सामुदायिक वन उपभोक्ता समूहमाथि गरिएको अध्ययनमा (Bhattarai, 2020), वृक्षरोपणको योजनामा काठमा केन्द्रित वन व्यवस्थापनको तरिका अपनाइएको पाइएको थियो । त्यस क्षेत्रको स्थानीय पुरुष तथा वन विभागका अधिकारीहरुले साना झारहरूलाई हटाई काठका लागि उपयुक्त रुखहरूलाई प्राथमिकता दिएका थिए । यसको परिणामस्वरूप, काठको आपूर्ति त बढ्यो, तर अन्य कार्यहरूमा प्रयोग हुने घाँस, दाउरा, जडीबुटीहरूको आपूर्ति भने घट्यो । यद्यपि, अन्य प्रजातिहरूको उत्पादन वृद्धिप्रवर्द्धन गर्न विरलै कसैको ध्यान गयो । यस काठमा केन्द्रित वन व्यवस्थापनको तरिकाले महिलाको वनका स्रोतहरूमा निर्भरता र आवश्यकतालाई नजरअन्दाज गरेको थियो । जसको परिणामस्वरूप, दशकौंपछि यी स्रोतहरू अन्य ठाउँहरूबाट जुटाउनमा महिलाहरूले गर्नुपर्ने परिश्रम र लाग्ने समयमा वृद्धि भएको छ (Bhattarai, 2020) ।

त्यसैले, पुरुषको रोजाइमा परेको वन व्यवस्थापन पद्धति, जसलाई "वैज्ञानिक" वन व्यवस्थापन भनेर चिनिन्थ्यो, त्यस तरिकाले महिलाहरूलाई आफ्नो दैनिक जीवनयापन गर्न आवश्यक पर्ने स्रोतहरूको कमी हुनमा मद्दत पुर्‍यायो । यो वैज्ञानिक वन व्यवस्थापन योजनालाई महिलाका आवश्यकताहरू सम्बोधन नगर्ने लैंगिक असंवेदनशील जलवायुका समाधानको रूपमा हेर्न सकिन्छ ।

### ३. निर्णय प्रक्रियामा महिलाको सहभागिता र नेतृत्व सुनिश्चितता

परामर्श लिइएका महिला समूह, महिला संगठनहरू तथा लैंगिक विषेशज्ञहरूका अनुसार, महिला सहभागितालाई अर्थपूर्ण बनाउन निकै महत्वपूर्ण छ । उनीहरूको अनुभवका अनुसार, महिलाको आलंकारिक सहभागिता नेपालमा व्यापक रूपमा रहेको छ र यो दाबी विकास अभ्यासकर्तामाझ सुपरिचित हुनुका साथै हालका प्रकाशनहरूले पनि पुष्टि गरेको छ । आलंकारिक सहभागिता भनेको महिलाहरू विभिन्न समिति, बैठक र कार्यक्रमहरूमा सहभागी भए तापनि आफ्नो आवाज उठाई छलफलहरूमा प्रभाव पार्न नसक्नु हो । महिलाको नेतृत्व र सहभागिता पनि प्रायजसो नियन्त्रित हुने गर्दछन् । त्यसैले, यस प्रकाशनका लागि परामर्श लिइएका व्यक्तिहरूले लैंगिक न्यायसंगत जलवायु समाधानको लागि महिलाको सक्रिय तथा अर्थपूर्ण सहभागितालाई विशेष जोड दिएका छन् ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) तथा संयुक्त राष्ट्रसंघीय महिला परिषद् (UN Women) का अनुसार, "अर्थपूर्ण" महिला सहभागिताले महिलाको उपस्थिति मात्र नजनाई, विभिन्न तत्वहरूको सम्मिलन जनाउँछ र यो तब हुनसक्छ जब विविध पृष्ठभूमिका महिलाहरू प्रक्रियाहरूमा प्रवेश गर्न सक्दछन्, उपस्थित हुन सक्दछन्, आत्मप्रभावकारिताको स्वामित्व लिन सक्दछन्, आफ्ना मुद्दाहरू उठाउन तथा प्रक्रियाहरूमा प्रभाव पार्न सक्ने क्षमताका हुन्छन् (UNDP & UN Women, 2022) । त्यसैले, एक लैंगिक न्यायसंगत जलवायु समाधानले महिला सहभागिता सुनिश्चित गर्ने मात्र होइन, विविध पृष्ठभूमिका महिलाहरूको छलफलहरूमा सक्रिय रूपमा सहभागी भई आफ्नो सल्लाह सुझावहरू सम्बोधन गराई निर्णय प्रक्रियाहरूमा प्रभाव पार्ने क्षमता सुनिश्चित गर्ने हो ।

जलवायु परिवर्तन सम्बन्धी लैंगिक तथा सामाजिक समावेशीकरण नीतिको अनुसार, स्थानीय सरकार र सामुदायिक निकायहरूमार्फत सञ्चालन गरिएका परियोजनाहरूमा ३३ % देखि ५० % महिला सहभागिता हुनु आवश्यक हुन्छ । यद्यपि, महिला सहभागिता एक वैचारिक र एकीकृत दृष्टिकोण हुनुको सट्टा केवल एउटा अतिरिक्त तत्व हुन सक्छ । लैंगिक न्यायसंगत जलवायु समाधान हुनको लागि महिला सहभागितालाई उपस्थित संख्याले मात्र संकेत गरिनु हुँदैन । यसको

लागि महिलाहरूले आफ्ने आवाज अगाडि राखी छलफल तथा निर्णयहरूमा प्रभाव पार्न नेतृत्व प्रदर्शन गर्न सक्षम हुनैपर्छ । परियोजनाको बनावटले पनि स्थानीय लैंगिक मापदण्डहरूमा ध्यान दिएको हुनुपर्छ ।

महिला समूह केन्द्रित सामूहिक छलफलहरूमा प्राकृतिक स्रोतहरूको व्यवस्थापनको लागि महिला नेतृत्वलाई जोड दिइएको थियो । कतिपय समूहहरूले महिलाहरूको नेतृत्वले सामुदायिक वन तथा नदी किनारा जस्ता स्रोतहरूको व्यवस्थापन अझ सुदृढीकरण भएको प्रतिक्रिया दिए । यसैगरी महिलाहरूले पनि, पुरुषहरूले प्राविधिक कुराहरूमा बढी जोड दिने र धेरै अर्थव्यवस्था उन्मुख हुने भएकाले समुदाय तथा पारिस्थितिक प्रणालीमा सधैं सकारात्मक नतीजा नआउन पनि सक्ने अभिव्यक्ति दिए । यसैक्रममा, महिलाहरूले, महिला नेतृत्वले अझै दिगो वातावरण सिर्जना गर्दछ, जुन समुदायलाई पनि लाभदायी हुन्छ भन्ने अनुभव पनि गरेका छन् ।

यस तर्कलाई विद्यमान प्रकाशनले पनि समर्थन गरेका छन् । उदाहरणका लागि, (Leone, 2019), जब महिलाहरू सामुदायिक वनको निर्णय गर्ने तहमा हुन्छन्, तब त्यहाँ वन स्रोतहरूको अझ दिगो संरक्षण र व्यवस्थापन हुने गरेको पाइएको छ । त्यसैले, Leone (2019) ले प्राकृतिक स्रोतको व्यवस्थापनमा महिलाहरूको निर्णयकारी भूमिकाको समर्थन गर्दछन् । नेपालको एक REDD+ document को अनुसार महिला समावेशीकरणले वनको अवस्था सुधार गर्नुका साथै अवैध रूपमा गाईवस्तु चराउने तथा रुख काट्ने जस्ता कार्यहरूमा रोक लगाउँछ भनी बताउँछ । यसैगरी, (Thapa, Prasai, & Pahadi, 2020) अर्को अध्ययनले पनि सुशासनका सबै पक्षहरूः पारदर्शिता, जवाफदेहिता र सहभागिताको सन्दर्भमा महिला नेतृत्व भएको समुदायिक वन उपभोक्ता समितिहरूद्वारा वन व्यवस्थापनमा अझ राम्रो हुन्छ भन्ने तर्कलाई समर्थन गर्दछ ।

### ४. महिलाहरूमाझ सूचना तथा जानकारी प्रसार प्रवर्द्धन

महिला समूहहरूसँगको संवादमा उनीहरूको भनाइ अनुसार, स्थानीय महिला सरोकारवालाहरूको लागि सान्दर्भिक सूचना तथा जानकारीहरूमा सहज पहुँचको आवश्यकता रहेको हामीले पायौं । समुदायिक स्तरमा बसोबास गर्ने महिलाहरूले आफू प्रत्यक्ष रूपमा संलग्न हुने तथा आफूलाई प्रत्यक्ष रूपमा असर गर्ने परियोजना र नीतिहरूबारे जानकारी पाउनुपर्छ । उनीहरू ती परियोजना र नीतिहरू आफ्नोलागि कसरी लाभदायी हुन्छन् भन्ने कुराबारे जानकार रहनु आवश्यक हुन्छ । महिला समूहहरूले अक्सर जलवायु समाधानका परियोजनाहरूबारे जानकार नै नभई महिलाहरू कसरी सहभागी भई यी परियोजनाहरूबाट लाभ उठाउछन् भन्ने प्रश्न गर्दछन् । महिलाहरूले पनि यी योजनाहरूमा सहभागी हुन किन महत्वपूर्ण छ, यी योजनाहरूबाट उनीहरूलाई, समुदायलाई, तथा स्थानीय पर्यावरणलाई के के फाइदा हुन्छ भनी थाहा पाउनुपर्ने कुरालाई जोड दिएका छन् । परियोजनाहरूलाई महिलाको संलग्नता र सहभागिताको आवश्यक परेका अनुभव पनि धेरै छन् । यद्यपि, ती परियोजनाका आयोजकहरूले परियोजना लाभदायी भए तापनि महिलाहरूले आफैं चासो नदेखाउने गरेको पाइएको बताउँछन् । हाम्रो महिला समूहहरूले उनीहरू परियोजनाबारे जानकार नभएको कारणले चासो नदेखाएको हुनसक्ने



विश्वास गर्दछन् । त्यसैले परियोजनाहरू कार्यान्वयन गर्नुभन्दा अगाडि स्थानीय महिलाहरूलाई सूचित गराउन पर्दछ । अझ, ती सूचना र जानकारी महिलाले सजिलै बुझ्न सक्ने गरी सरल, स्थानीय भाषामा, प्रविधिक शब्दावलीको प्रयोग नगरी प्रसार गनुपर्दछ । यो कुरा सरकारले समुदायहरु र जलवायुसम्बन्धी काम गर्ने समूहहरूको लागि उपलब्ध गराउने नीति, योजना तथा बजेटहरूमा पनि लागू गर्नुपर्दछ ।

जब महिला तथा महिला समुदायहरु विद्यमान नीति तथा बजेटहरूबारे जानकार हुन्छन्, उनीहरूले ती नीति तथा बजेटको कार्यान्वयनको लागि स्थानीय सरकार र निकायहरूलाई पैरवी गर्न र दबाब दिन सक्षम हुन्छन् । यो कुरा विभिन्न महिला समूहहरूसँग सामूहिक छलफल गर्दा पनि चित्रण गरिएको थियो । ती समूहहरूले महिलाहरूले नियमित रूपमा आफ्नो स्थानीय निकायहरूसँग नयाँ र सान्दर्भिक नीति तथा बजेट बारे छलफल गर्नुपर्ने बताए । महिला समुदायहरूले स्थानीय निकायहरूमा ज्ञान र कार्यशीलताको अभावतामाथि आफ्नो निराशा व्यक्त गरिरहँदा यो कुराले स्थानीय महिलाहरूमाझ सूचना तथा जानकारी प्रसारण गर्दा तलदेखि माथिसम्म पैरवी गर्न (bottom-up advocacy) प्रोत्साहनका लागि पनि प्रभावकारी हुन्छ भन्ने पनि देखाउँछ । महिलाहरूलाई आफ्नो अधिकारहरु बारे जानकारी गराउँदा उनीहरूले स्थानीय निकायहरूसँग जवाफदेहिता माग गर्न सशक्त बन्छन् (Terry, 2009) ।

प्रकृति रिसोर्सेस सेन्टरले महिला समूहको लागि नगर नीति तथा बजेटबारे अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । यस कार्यक्रमको नतिजास्वरूप, विभिन्न महिला समूहहरूले प्रस्तावना तयार गरी आ-आफ्ना नगरपालिकाहरूमा बुझाए । सरस्वती नारी चेतना बचत तथा ऋण सहकारी लिमिटेड भन्ने एक महिला सहकारीले बेथानचोक गाउँपालिकामा प्रस्ताव राखि सो पालिकाबाट रु १,२००,००० (करिब १२,००० अमेरिकी डलर) लिन सफल भए । यसैगरी, अरु महिला समूहहरूले पनि आ-आफ्ना पालिकाहरूमा जलवायुसम्बन्धी कार्यहरूको कार्यान्वयन गर्नका लागि बजेटमा आफ्नो पहुँच सुनिश्चित गर्न पहल गरिरहेका छन् ।

### ५, लैंगिक उत्तरदायी बजेट कार्यान्वयन

यस छलफल-पत्र तयारीका क्रममा गरिएको अध्ययनमा महिला समूह, महिला संगठन र लैंगिक विशेषज्ञहरूसँग परामर्श लिइएको थियो । छलफलमा सहभागीहरूले बजेटको समस्या बारे धारणा प्रस्तुत गरेका थिए । लैंगिक बजेटिङ एउटा प्रक्रिया हो जसमा विभिन्न चरणहरु जस्तैः योजना तर्जुमा, लक्षित वर्गका आवश्यकताहरूको विश्लेषण, स्रोतहरूको व्यवस्थापन, कार्यक्रम कार्यान्वयन र परियोजनाको प्रभाव मूल्यांकन आदिमा लैंगिक दृष्टिकोण राख्नुपर्दछ । लैंगिक उत्तरदायी बजेट महिलाका लागि छुट्टै बजेट होइन तर नीति तथा प्रतिबद्धताहरूलाई लैंगिक विशेष लक्ष्यहरूमा रुपान्तरण गर्न लैंगिक वैधानिकता उपयोग गरी बजेट विनियोजन गर्ने प्रक्रिया हो (Sandi & Sharma, 2008) । प्रष्ट रूपमा महिलाहरूको संलग्नता र सशक्तीकरणको विषयहरुलाई समर्थन गर्नका लागि तोकिएको बजेटले जलवायुसम्बन्धी समाधानका लागि स्रोतको विनियोजन तथा कार्यान्यन समावेशी ढंगमा गर्ने वैधानिकता दिन्छ । यसले जलवायु सम्बन्धी समाधानहरुमा लैंगिक मुद्दाहरूको सम्बोधन सुनिश्चित गर्दछ ।

नेपाल सरकारको बजेट प्रणालीमा लैंगिक बजेटिङको अभ्यास सन् २००७/०८ देखि हुँदै आएको छ । यस अभ्यासलाई आन्तरिक तथा अन्तर्राष्ट्रिय जलवायु वित्तमा पनि लागू गर्न सकिन्छ । लैंगिक विषेशज्ञहरूका अनुभवले पनि पर्याप्त बजेट विनियोजन नहुँदा लैंगिक विशेष क्रियाकलापहरूको कार्यान्वयन नभएको देखाएको छ । लैंगिक उत्तरदायी बजेटले लैंगिक न्यायसंगत जलवायु समाधानको कार्यान्वयनका लागि स्रोतको उचित विनियोजनमार्फत बालिका तथा महिलाहरुमा लगानी गरी लैंगिक विषयहरुलाई ल्याउन प्रयास गर्दछ ।

### ६. न्यायसंगत लाभ बाँडफाँड सुनिश्चितता

जलवायु समाधानहरूलाई लैंगिक न्यायसंगत मान्न, महिला र विशेष गरी निम्न वर्ग तथा सीमान्तीकृत महिलाहरूबीच लाभको बाँडफाँड न्यायसंगत र समतापूर्ण तरिकाबाट हुनुपर्दछ । लाभ भन्नाले आर्थिक लाभका साथै जलवायु अनुकूलन, क्षमता अभिवृद्धि तथा सशक्तीकरण जस्ता लाभलाई पनि हेरिनु पर्दछ । महिला संगठनहरूले महिलाहरूको आर्थिक लाभको महत्वमा प्रकाश पारेका छन् । उनीहरूका अनुसार, आर्थिक शक्तिको अभावमा महिलाहरूलाई जस्तोसुकै परिवेशमा पनि अघि बढ्न गाह्रो हुन्छ । यद्यपि, अझै नेपालमा जस्तो विभाजित समाजमा निष्पक्ष र न्यायसंगत लाभ बाँडफाँडको अवधारणालाई परिभाषित गर्न जटिल छ । निष्पक्ष र न्यायसंगत लाभ बाँडफाँडको अवधारणा अनुसन्धान र अन्तर्राष्ट्रिय छलफलको विषय रहेको अवस्था छ । संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) का अनुसार लैंगिक समता भन्नाले महिला र पुरुषमाथि निष्पक्ष हुने प्रक्रिया हो । निष्पक्षता सुनिश्चित गर्न महिला र पुरुषलाई एउटै स्तरमा सञ्चालित हुन बाधा पुऱ्याउने ऐतिहासिक तथा सामाजिक हानीहरूको क्षतिपूर्ति महिला वर्गलाई उपलब्ध गराउन रणनीति तथा उपायहरु अपनाउनु पर्दछ (UNFPA, 2005) । समताले नै समानतातर्फ अग्रसर गराउँछ । यसैले लैंगिक समता सम्बोधन गर्नु जटिल विषय हो ।

नेपालमा REED + को सन्दर्भमा, न्यायसंगत लाभ विभाजन गर्ने संयन्त्रले खर्च तथा लाभको बाँडफाँड REED + कार्यक्रममा संलग्न सरोकारवालाहरु बीच समावेशी र निष्पक्ष ढंगले भएको छ भनी सुनिश्चित गर्नुपर्छ । सन् २००९ देखि २०१३ सम्म चितवनको कायरखोला जलाधार परियोजनाले समुदायमा आधारित REED + का पहलहरुको शासन तथा वित्तीय पारदर्शिताको विकल्पहरुको जाँच गरेको थियो । त्यस परियोजनाले स्थानीय वनजंगलहरुको संरक्षण गर्न स्थानीय समुदायका सदस्यहरुलाई प्रशिक्षण दिनुका साथै उनीहरुलाई वनजंगलको संरक्षण गर्न समुदायद्वारा व्यवस्थित वन कार्बन ट्रस्ट कोष (FCTF) स्थापना गर्न स्रोतको उपलब्धता गराइएको थियो । यो समुदायमा आधारित नमुनाले REED + को लाभहरुलाई समाजका गरिब तथा निम्न समुदायहरुसम्म पुग्न मद्दत गरेको थियो र यो परियोजना वनमा कार्बन अनुगमन गर्न स्थानीय समुदायहरूलाई समावेश गर्ने विश्वको पहिलो कार्बन “अफसेट” परियोजना मध्ये एक थियो ।

न्यायसंगत लाभ विभाजनको संयन्त्र निम्नानुसार तयार पारिएको थियो । प्राप्त रकमको वितरण FCTF मापदण्डमा आधारित थियो, जुन निम्न थिए:

१) बेसलाइन भन्दामाथि सञ्चित वन कार्बनको मात्रा; २) आदिवासी तथा दलित घरपरिवारको संख्या; ३) महिला र पुरुषको संख्याको अनुपात; ४) परियोजना क्षेत्रभित्र रहेका निम्न वर्गमा पर्ने घरपरिवारको संख्या ।

समुदायले उल्लिखित मापदण्डहरु जति धेरै पूरा गर्छ, उनीहरुको भुक्तानीका लागि योग्य हुने सम्भावनाहरु त्यति नै बढी हुन्छन् । समुदायहरुले सो भुक्तानी कसरी खर्च गर्नुपर्छ भन्ने बारे पनि मार्गदर्शन तयार गरिएको थियो । भुक्तानीको कम्तीमा पनि ४० प्रतिशत रकम संरक्षण तथा परियोजना व्यवस्थापनको लागि छुट्याउनु पर्ने प्रावधान थियो भने १५ प्रतिशत महिलाका आवश्यकताहरु सम्बोधन गर्न र महिला सशक्तीकरणका लागि तथा २० प्रतिशत समुदायको सबैभन्दा निम्न वर्गको आवश्यकता सम्बोधन गर्न छुट्याउने प्रावधान थियो (Dhungana, Poudel & Bhandari, 2018) ।



REED + परियोजनाहरू जस्तै, जलवायु समाधानहरूले उनीहरूको लक्षित जनसंख्यालाई परिभाषित गर्नुपर्छ र उनीहरूको सरोकारका क्षेत्रमा कसरी निष्पक्ष तथा न्यायसंगत लाभहरू बाँडफाँड गर्ने भन्ने लक्ष्य राख्नुपर्छ ।

## ७. लैंगिक संवेदनशील जलवायु कार्य

महिलाहरूको सहभागितालाई सहज बनाउने लक्ष्य राखेको विद्यमान लैंगिक उत्तरदायी औपचारिक कानून तथा नीतिहरूका बावजुद नेपालजस्तो पितृसत्तात्मक समाजमा लैंगिक मान्यता र लैंगिक भूमिकाले जलवायु समाधानका परियोजनाहरूमा महिलाको सहभागितालाई असहज बनाउन सक्ने सम्भावना हुन्छ । उदाहरणका लागि यदि प्रशिक्षणका आयोजनाहरू ग्रामीण क्षेत्रबाट टाढा छन् भने महिलाहरूलाई सो प्रशिक्षण स्थलसम्म पुग्न समाजमा विद्यमान लैंगिक मान्यताकै कारण गाह्रो हुन सक्छ र यसले महिलाहरूलाई सार्वजनिक कार्यक्रमहरूमा सहभागिता जनाउन रोक लगाउँछ । यसैगरी, समाजले बालबालिका र वृद्धवृद्धाको हेरचाह गर्ने भूमिका महिलालाई दिएको छ । त्यस्तै, महिलाहरूले आफ्ना बच्चाहरूलाई विद्यालय लाने-ल्याउने समयमा प्रशिक्षणका कार्यक्रम तय गरियो भने महिलाहरूलाई उपस्थित हुन गाह्रो हुन्छ । यसरी प्रशिक्षण कार्यक्रमको समयमा उनीहरूले बालबच्चाको हेरचाह गर्नुपर्ने भएमा उनीहरूको सक्रिय सहभागितामा असर पर्छ र यी दुवै कार्य राम्रोसँग पूरा गर्न असमर्थ हुन सक्छन् । सायद लैंगिक न्यायसंगत जलवायु समाधानले यी लैंगिक मापदण्डहरूका वरिपरि आफ्ना कार्यक्रमहरूको खाका बनाउन सक्छन् । उदाहरणका लागि, प्रशिक्षण कार्यक्रम बालबालिका विद्यालयमा भएको बेला वा बाल हेरचाहको विकल्प उपलब्ध भएको बेला महिलाहरूका लागि पहुँचयोग्य ठाउँमा तय गर्न सकिन्छ । यसैगरी, प्राविधिक रूपले जलवायु समाधानलाई पुरुषको क्षेत्रको रूपमा लिने हुँदा लैंगिक न्यायसंगत जलवायु समाधानले परम्परागत धारणालाई सम्बोधन गर्नुपर्छ । त्यसैगरी, प्रशिक्षण कार्यक्रमको विषयवस्तु र भाषा पनि सबै महिलाको पहुँचमा पुग्ने तरिकाले निर्माण गर्नुपर्छ ।

यस अध्ययनका लागि वैकल्पिक खाना पकाउने समाधानहरू उपर काम गर्ने ऊर्जा र वातावरणका लागि महिलाहरूको सञ्जाल (Women Network For Energy and Environment- (WONEE) नामक महिला संगठनसँग परामर्श लिइएको थियो । दाउरामा खाना पकाउने परम्परागत विधि महिलाको स्वास्थ्यका लागि हानिकारक छ । यो विधिमा धेरै श्रम र समय पनि खर्चिनुपर्ने हुन्छ । अझै, जलवायु परिवर्तनका प्रभावहरूले दाउरा जस्ता वन स्रोतहरूमाथि बढ्दो असुरक्षा निम्त्याएको छ । इन्डक्सन कुकर जस्ता विद्युतीय खाना पकाउने विधिले महिलाहरूका यी समस्याहरू समाधान गर्दछन्, तर महिलालाई विद्युतीय कुकर प्रयोग गर्ने तरिका थाह नभएमा वा मर्मत गर्न नआएमा इन्डक्सन कुकरको उपयोग व्यर्थ हुन जान्छ ।

WONEE ले महिलाहरूलाई इन्डक्सन कुकरको मर्मत सम्भार गर्नेबारे प्रशिक्षण दिने काम गर्दछ । मर्मत र प्रविधिलाई पुरुषका काम मानिन परिप्रेक्ष्यमा यस महिला संगठनले महिलाहरूलाई उक्त प्रक्रियासँग परिचित बनाएको छ । यस संगठनले महिलाहरूलाई विश्वसँग जोड्न अनलाइन सञ्जाल बनाइदिएको छ । यस अनलाइन सञ्जालमार्फत महिलाहरूले आफ्नो प्राविधिक प्रश्नहरू सोध्न र फोटो अपलोड गरी कसरी मर्मत गर्ने भनी सुझाव लिन सक्दछन् । WONEE का प्रतिनिधिका अनुसार यसले महिलाहरूका लागि एक वैकल्पिक आयस्रोत सिर्जना गर्न पनि मद्दत पुर्‍याउन सक्छ । बढ्दो मागका कारण उनीहरूले बढी समय बचत गर्न सकिने किचन उपकरणहरूको मर्मतका बारेमा पनि थप प्रशिक्षण कार्यक्रमहरू राखेका छन् । आम्दानीको थप स्रोत बनाउनुका साथै महिलाहरूले प्राविधिक क्षेत्रमा काम गर्न पनि उनीहरू सक्षम छन् भन्ने कुरा बुझेका छन् । WONEE संगठनका अनुसार महिला प्रशिक्षण सधैं सिलाइबुनाइ जस्ता रूढिवादी महिला पेशाहरूमा सीमित हुनु आवश्यक छैन । तसर्थ जलवायु समाधानहरू महिलाका लागि पहुँचयोग्य हुनुपर्छ ।

यसबाहेक, जलवायु समाधान विशेषगरी महिला र सामान्यतया समुदायहरूमा पर्न सक्ने सम्भावित प्रतिकूल प्रभावहरूबारे विचारशील हुनुपर्छ । जलवायुका जोखिमहरू सम्बोधन गर्न प्राविधिक रूपमा उपयुक्त हुने जलवायु समाधानहरू समुदायको सामाजिक सन्दर्भमा भने उपयुक्त नहुन सक्छ । केही जलवायु समाधानहरू लैंगिक भेदभाव र असमानतालाई कम गर्नुको सट्टा बढावा दिने प्रकारको हुन सक्छ । यी समाधानहरू लैंगिक न्यायसंगत हुँदैनन्, तसर्थ यी समाधानहरूको प्रवर्द्धन गर्नु हुँदैन । त्यस्ता समाधानहरू उचित निवारणका उपायहरूमार्फत मात्र विचार गर्न सकिन्छ । तसर्थ, लैंगिक न्यायसंगत जलवायु समाधानले प्रचलित लैंगिक मान्यताहरू र लैंगिक भूमिकाहरूप्रति संवेदनशील हुनुपर्छ र विशेषगरी यी समाधानहरूले लैंगिकतामा आधारित असमानता र भेदभावलाई बढावा नदेओस् भन्ने कुरामा सतर्क रहनुपर्छ ।

### ८. महिला तथा अति सीमान्तीकृतप्रति जवाफदेहिता प्रवर्द्धन

लैंगिक न्यायसंगत जलवायु समाधान महिला र समुदायका अति सीमान्तीकृत वर्गहरूप्रति जवाफदेही हुनुपर्छ । प्रायः विकास परियोजनाहरू उनीहरूले काम गरिरहेको समुदायप्रति भन्दा बढी दातृ संस्था र उनीहरूको सरकारी साझेदार हरूप्रति जवाफदेही हुने गर्दछन् । फलस्वरूप, समुदायहरूले परियोजनामाथि आफ्नो स्वामित्व जनाई कार्य गर्न असमर्थ हुन्छन् र यसले प्रायः परियोजनालाई दिगो नहुने गरी असर गर्दछ । जवाफदेही हुनुका लागि पारदर्शिता र उत्तरदायित्व महत्वपूर्ण हुन्छन् । जलवायु समाधानहरूले महिला सरोकारवालाहरूसमक्ष वित्तीय जानकारीसहितको परियोजनाको जानकारी गराउनुपर्दछ । सुधारहरू सुनिश्चित गर्न महिला र समुदायमा यी समाधानहरूको कुनै पनि सम्भावित हानिकारक प्रभावहरू पहिचान गर्न अनुगमन र निवारणका संयन्त्र स्थापना गरिनुपर्छ ।

लैंगिक न्यायसंगत जलवायु समाधानले सूचनाको पारदर्शी आदानप्रदान, लैंगिक बजेटको उचित विनियोजन र त्यसको उचित उपयोग र महिलाका लागि न्यायसंगत लाभ बाँडफाँड सुनिश्चित गरी महिला सरोकारवालाहरूको अधिकारको रक्षा गर्न एक जवाफदेही संयन्त्र निर्माण गर्नुपर्छ ।

### ९. लैंगिक शक्ति सम्बन्ध र भूमिकामा सकारात्मक परिवर्तनमार्फत रूपान्तरणको प्रवर्द्धन

लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाको प्रजातान्त्रिक अधिकार र महिला सशक्तीकरणलाई उनीहरूको समुदायमा बढावा दिनुपर्छ । यी लैंगिक न्यायसंगत जलवायु समाधानहरू महिलाले पहिचान गरेको महिलाले नेतृत्व गरेको, महिलाद्वारा व्यवस्थित र महिलाकै स्वामित्वमा हुनुपर्छ । जलवायु समाधानद्वारा सम्बोधन गरिएका समस्या र सरोकारहरू महिलाहरूले नै पहिचान गर्नुपर्छ । लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाका समस्याहरूलाई गम्भीर रूपमा सम्बोधन गर्ने र उनीहरूका सरोकारहरूलाई सानो/कम नठान्ने वातावरण सिर्जना गर्न सक्षम हुनुपर्छ । लैंगिक न्यायसंगत जलवायु समाधान पनि महिलाले नै बनाउनुपर्छ । जलवायुका कार्यहरू समुदायबाहिरका व्यक्ति वा संस्थाबाट निर्धारण गरिएका उदाहरणहरू धेरै छन् । लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाहरूको ज्ञान, आदिवासी ज्ञान र उनीहरूको जलवायुसम्बन्धी समस्याहरूको सम्बोधन गरी ती समस्याहरूको समाधान गर्न नेतृत्व र स्वामित्व लिने वातावरण स्थानीय महिलाहरूका लागि सिर्जना गर्नुपर्छ । तसर्थ, लैंगिक न्यायसंगत जलवायु समाधानले महिलाको आत्मनिर्णयवादलाई बढावा दिनुपर्छ । यसबाहेक, अति पितृसत्तात्मक समाज रहेको नेपालको सन्दर्भमा लैंगिक न्यायसंगत जलवायु समाधानले समुदायमा रहेको असमान शक्ति सम्बन्धलाई सम्बोधन गर्न सक्षम हुनुपर्छ ।



प्रकृति रिसोर्सेस् सेन्टर र टेवाको सहयोगमा इलामको **सहयात्रा नेपालले** जलवायु कार्यमा आफ्नो सहभागिताले महिला समूहको रुपमा आफू र स्थानीय सरकारबीचको शक्ति सम्बन्धमा परिवर्तन आएको अनुभव गरेको छ । पहिले, जब महिला समूहले आफ्ना कामहरू सुरु गरेका थिए तब एक स्थानीय सरकारका अधिकारीले “यदि महिला समूहले केही हासिल गर्न सकेको खण्डमा आफ्नो कान काटिदिने” भनी अविश्वास प्रकट गरेका थिए ।

यो महिला समूहले निरन्तर रुपमा सिमसार संरक्षण, पुनरुत्थान र खानेपानी सम्बन्धी विषयवस्तुहरूमा काम गरिरहेको छ । सिमसार संरक्षणमा स्थानीय महिलाहरूको नेतृत्व हुनुपर्छ भन्ने उनीहरूको विश्वास रहेको छ । किनभने उनीहरु व्यक्तिगत रुपमा सो क्षेत्रसँग जोडिएका हुन्छन्, जसले सिमसारको दिगो संरक्षण गर्न मद्दत गर्दछ । तर, यसरी महिलाले नेतृत्व गरेको वातावरण संरक्षण परियोजनाहरूमा स्थानीय सरकारको अविश्वास हानिकारक साबित भएको थियो ।

यद्यपि, महिला समूहले स्थानीय समुदाय र स्थानीय सरकारबाट पनि मान्यता र सम्मान पाएका छन् । उनीहरूलाई अहिले स्थानीय सरकारले विभिन्न कार्यक्रममा आमन्त्रित गर्दछ । स्थानीय सरकारले वातावरण तथा विपद् व्यवस्थापन र वातावरण तथा महिलासम्बन्धी बजेटका विषयमा परामर्श गर्न आर्थिक वर्ष सुरु हुनुअघि महिला समूहलाई आमन्त्रण गरेको छ । स्थानीय सरकारले महिला समूहका लागि पनि निश्चित बजेट विनियोजन गरेको छ । शक्ति सम्बन्धलाई सम्बोधन गर्न र समुदायमा महिलाको हैसियत बढाउनका लागि यो एक महत्वपूर्ण परिवर्तन हो ।

## निष्कर्ष

जलवायु समाधानलाई के कुराले लैंगिक न्यायसंगत बनाउँछ ? यस अध्ययनले लैंगिक न्यायसंगत जलवायु समाधानका महत्वपूर्ण सिद्धान्तहरूको खाका बनाई यसको महत्व बुझाउने प्रयास गरेको छ ।

एक लैंगिक न्यायसंगत जलवायु समाधानले बालक, बालिका, महिला तथा पुरुषका आवश्यकताहरु भिन्न भएकाले जलवायु परिवर्तन र यसका प्रभाव पनि भिन्न रूपले अनुभव गर्ने कुरालाई आत्मसात् गर्दछ । जलवायु समाधानका लागि गरिएका कुनै पनि परिस्थिति विश्लेषणमा जलवायु संकटले गर्दा किशोर, किशोरी, महिला तथा पुरुषले सामना गर्नुपरेका जोखिम र चुनौतीहरु बुझ्न छुट्टै लैंगिक विश्लेषण गर्नुपर्दछ । लैंगिक न्यायसंगत जलवायु समाधानले महिला नेतृत्व र सहभागिताको महत्व पहिचान गरी महिलालाई नेतृत्व गर्न र अर्थपूर्ण सहभागिता जनाउन उपयुक्त परिवेश सिर्जना गर्दछ । जलवायुसम्बन्धी नीतिहरु, उपलब्ध बजेटका प्रावधानहरु, सामाजिक सुरक्षाका योजना तथा प्याकेजहरूबारे महिलासहित समुदायमा समयमै जानकारी गराउनुले महिलाहरु ज्ञानको साझेदारका रूपमा सूचित निर्णयहरु लिन र स्थानीय लैंगिक न्यायसंगत जलवायु समाधान निर्माणमा मद्दत गर्दछ । यसबाहेक लैंगिक न्यायसंगत जलवायु समाधानले न्यायोचित लाभ बाँडफाँड गर्ने संयन्त्र बनाउँछ, जसले महिलाहरूले न्यायोचित ढंगले मूर्त र अमूर्त लाभहरु उठाइरहेका छन् भनी सुनिश्चित गर्दछ । कुनै पनि कार्य गर्नुपूर्व अनुगमन र जवाफदेही संयन्त्रको विकास गर्नुपर्दछ, जसबाट न्यायोचित लाभ बाँडफाँडको प्रणाली सुनिश्चित गर्न सकिन्छ । यसबाट समुदायका सदस्य विशेषगरी महिला र किशोरीलाई सो कार्य हानिकारक हुने भएमा सच्याउने अवसर उपलब्ध गराउँछ । साथै, लैंगिक न्यायसंगत जलवायु समाधानले लैंगिक मापदण्डहरूलाई सम्बोधन गर्न र जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलनमा महिलाको सहभागिता र नेतृत्वलाई अधिकतम रूपले बढाउन असमान शक्तिसम्बन्धको जालोलाई तोड्नुपर्छ ।

तसर्थ, कुनै पनि जलवायु समाधान तब मात्र लैंगिक रूपले न्यायपूर्ण हुन्छ, जब यसले लैंगिक समानता र अन्तरसम्बन्धको अवधारणालाई अँगाल्छ र महिला तथा सीमान्तीकृत वर्गको विशेष आवश्यकताहरूको विश्लेषण र सम्बोधन गरी उनीहरूको अर्थपूर्ण प्रतिनिधित्व र सहभागिताका लागि न्यायोचित मञ्च प्रदान गर्दछ ।

# प्रकाशन सूची


Ahmed, S., & Fajber, E. (2009). Engendering adaptation to climate variability in Gujarat, India. *Gender & Development, 17*(1), 33-50.

Alston, M. (2014). Gender mainstreaming and climate change. *Women's Studies International Forum, 47,* 287-294.

Barre, A., Gordon, A., de la Plaza, C., Valderrama, G. C., Spitzer, P., & Niazi, M. (2022). Gender Just Climate Solutions. Women and Gender Constituency.

Bee, B. (2013). Who reaps what is sown? A feminist inquiry into climate change adaptation in two Mexican ejidos. *ACME: An International Journal for Critical Geographies, 12(*1), 131-154.

Bhattarai, B. (2020). How do gender relations shape a community's ability to adapt to climate change? Insights from Nepal's community forestry. *Climate and Development, 12*(10), 876-887.

Daniel, A. (2022, April 18). *Are Your Climate Solutions Gender Just?* Retrieved from https://safeplanuganda.org/news/blog/gender-justice-climate-solution/

Denton, F. (2002). Climate change vulnerability, impacts, and adaptation: Why does gender matter? *Gender and Development, 10*(2), 10-20.

Dhungana, S., Poudel, M., & Bhandari, T. S. (2018). *REDD+ in Nepal: Experiences from the REDD + readiness phase.* Kathmandu: REDD Implementation Centre, Ministry of Forests and Environment, Government of Nepal.

Downes, R., von Trapp, L., & Nicol, S. (2017). Gender budgeting in OECD countries. *OECD Journal on Budgeting, 2016(*3), 1-37.

Goetz, A. M. (2007). Gender justice, citizenship and entitlements. In M. Mukhopadhyay, & N. Singh (Eds.), *Gender justice, citizenship and development.* New Delhi: Zubaan.

IASS Postdam. (2022, March 31). Gina Cortés Valderrama: Gender-Just Climate Solutions: Bottom-up Approaches to Systemic Change. *Gender-Just Climate Solutions: Bottom-up Approaches to Systemic Change.*

Leone, M. (2019). Women as Decision Makers in Community Forest: Evidence from Nepal. *Journal of Development Economics, 138,* 180-191.

Ogra, M. V., & Badola, R. (2015). Gender and climate change in the Indian Himalayas: Global threats, local vulnerabilities, and livelihood diversification at the Nanda Devi Biosphere Reserve. *Earth System Dynamics,* 505-523.

Prakriti Resources Center. (2018). *Gender and climate change: an overview of national and international context.* Kathmandu: Prakriti Resources Center .

Rajkarnikar, R. S. (2019). Gender Responsive Budget (GRB) Initiatives in Nepal: Achievements and Challenges. *International Journal of Bio-resource and Stress Management, 10(*3), 219-226.

Richards, J. A. (2018). *Climate and gender justice. What's needed to finance gender justice.* Rosa Luxemburg Stiftung.

Sodani, P. R., & Sharma, S. (2008). Gender responsive budgeting. *Journal of Health Management, 10*(2), 227-240.

Sultana, F. (2014). Gendering climate change: Geographical insights. *The Professional Geographer, 66*(3), 372-381.

Tanjeela, M., & Rutherford, S. (2018). The influence of gender relations on women's involvement and experience in climate change adaptation programs in Bangladesh. *Sage Open, 8*(4).

Terry, G. (2009). No climate justice without gender justice: an overview of the issues. *Gender & Development, 17*(1), 5-18.

Thapa, S., Prasai , R., & Pahadi, R. (2020). Does gender-based leadership affect good governance in community forest management? A case study from Bhaktapur district. *Banko Jankari, 30*(2), 59-70.

UNDP, & UN Women. (2022). *Women's Meaningful Participation in Transnational Justice.* Retrieved from https://www.unwomen.org/sites/default/files/2022-03/Research-paper-Womens-meaningful-participation-in-transitional-justice-en.pdf

UNFPA. (2005). *Frequently asked questions about gender equality.* Retrieved from https://www.unfpa.org/resources/frequently-asked-questions-about-gender-equality

## परिच्छेद

परिच्छेद १: व्यक्तिगत रूपमा कुराकानी गरिएका व्यक्तिहरू (महिला संगठनका प्रतिनिधि, लैंगिक समानताका क्षेत्रमा कार्यरत विज्ञ तथा विकासका कार्यमा संलग्न संस्थाका सम्पर्क व्यक्ति)

१. अनुजा श्रेष्ठ, टेवा (TEWA)

२. इन्दिरा शाक्य, सेन्टर फर रुरल टेक्नोलोजी (Centre for Rural Technology)

३. कला तिमल्सिना, वुमन नेटवर्क फर इनर्जी एण्ड इन्भाइरोमेन्ट ( Women Network for Energy and Environment–WoNEE)

४. कान्ति राजभण्डारी, हिमालयन ग्रासरुट वोम्यान नेचुरल रिसोर्स मेनेज्मेन्ट एसोसिएसन (Himalayan Grassroots Women's Natural Resource Management Association - HIMAWANTI)

५. रोशना गौतम, नेपाल क्लाइमेट चेन्ज सर्पोट प्रोग्राम दोस्रो {Nepal Climate Change Support Programme II (NCCSP II)}

६. संगीता बुढाथोकी, युनाइटेड नेसन फुड एन्ड एग्रिकल्चर अर्गनाइजेसन ( United Nations Food and Agriculture Organization - UNFAO)

७. उर्मिला श्रेष्ठ, टेवा (TEWA)

परिच्छेद २: समूह केन्द्रित छलफलका सहभागीहरू

| क्र. सं | सहभागीहरू | संस्था |
|---|---|---|
| १ | हेमा कुमारी शिवा | सहयात्रा नेपाल (मुख्य महिला समूह) इलाम |
| २ | लुना खतिवडा | इलाम नगरपालिका (बहुसरोकारवला), इलाम |
| ३ | इन्दिरा टिखत्री | सहयात्रा नेपाल, इलाम |
| ४ | प्रमिला रिमाल भट्टराई | कृषि महिला समूह, इलाम |
| ५ | सविता पाण्डे | पत्रकार, इलाम |
| ६ | सरस्वती नेपाल | प्रगतिशील महिला बहुउद्देश्यीय कृषि समूह, काठमाडौं |
| ७ | द्रौपदा कार्की | सरस्वती नारी चेतना बचत तथा ऋण सहकारी संस्था, काभ्रे |
| ८ | निरमाया राई | बेथानचोक, काभ्रे |
| ९ | इन्दिर कुमारी भट्टराई | एन्जिलिया महिला कृषि सहकारी संस्था लिमिटेड, इलाम |
| १० | गन्धारी मिश्र | प्रगतिशील महिला कृषि समूह, झापा |
| ११ | सिता गुरुङ | महिला जनचेतना केन्द्र, झापा |
| १२ | रश्मी मोक्तान | भदुवार महिला कृषि समूह, धादिङ |
| १३ | तारा देवी राना मगर | जनकल्याण सामुदायिक विकास कृषि समूह, धादिङ |
| १४ | जुना राना | टेवा मेन्टर, दाङ |
| १५ | गीता डंगोल | महिला सशक्तीकरण केन्द्र, काठमाडौं |
| १६ | उमा सिलवाल | वि नेपाल, काठमाडौं |
| १७ | निर्मला गुप्ता | टेवा मेन्टर, दाङ |
| १८ | सिर्जना रेश्मी | जनजागरण महिला संघ, बर्दिया |
| १९ | गोमा पौडेल | जनजागरण महिला संघ, बर्दिया |
| २० | वीरेन्द्र थपलिया | वाग्मती सरसफाइ अभियान, काठमाडौं |
| २१ | प्रतिभा भट्टराई | मिलिजुली महिला समूह, काठमाडौं |
| २२ | अन्जना आचार्य | सिर्जनशील महिला समाज, काठमाडौं |
| २३ | सुष्मा रेग्मी | सिर्जनशील महिला समाज, काठमाडौं |

| क्र. सं | सहभागीहरू | संस्था |
|---|---|---|
| २४ | हिमा भण्डारी | सिर्जनशील महिला समाज, काठमाडौं |
| २५ | कृष्ण गोपाल लौसले | ल्ल्ऋठच, काभ्रे |
| २६ | हरि न्यौपाने | रेडियो एबिसी, काभ्रे |
| २७ | सुजन केसी | महिला जागरण समूह, काभ्रे |
| २८ | सम्झना खतिवडा | महिला सरोकार, काभ्रे |
| २९ | विमला श्रेष्ठ | महिला जागरण समूह, काभ्रे |
| ३० | प्रज्ञा शेरचन | पिआरसी |
| ३१ | प्रविन मान सिंह | पिआरसी |
| ३२ | प्रिमा रंजितकार | अनुसन्धानकता |

परिच्छेद ३: लैंगिक तथा महिलाको क्षेत्रकम कार्यरत परामर्शदाता छलफलका सहभागीहरू

| क्र.सं | सहभागीहरू | संघसंस्थाहरू |
|---|---|---|
| १ | माननीय सलोनी प्रधान सिंह | राष्ट्रिय योजना आयोग |
| २ | दीपा ओली | वन तथा वातावरण मन्त्रालय |
| ३ | छिङ्ग लामु शेर्पा | टेवा |
| ४ | उर्मिला श्रेष्ठ | टेवा |
| ५ | लक्ष्मी न्यौपाने | जुम्ला |
| ६ | सृष्टि अधिकारी | She Changes Climate |
| ७ | गीता डंगोल | महिला सशक्तीकरण केन्द्र |
| ८ | मुना पोखरेल | टेवा |
| ९ | इन्दिरा श्रीश | INWOLAG |
| १० | कला तिमल्सिना | WoNEE |
| ११ | गीता पाण्डे | किर्डाक नेपाल |
| १२ | सोनम श्रेष्ठ | सिइएन |
| १३ | लक्ष्मीशोभा शाक्य | टेवा |
| १४ | प्रीमा रंजितकार | अनुसन्धानकर्ता |
| १५ | प्रविन मान सिंह | पिआरसी |
| १६ | सूचना बानियाँ | दिदीबहिनी |
| १७ | अनुजा श्रेष्ठ | टेवा |
| १८ | संगीता प्रेमी | टेवा |
| १९ | प्रज्ञा शेरचन | पिआरसी |

परिच्छेद ४: समीक्षाका लागि परामर्श गरिएका व्यक्तिहरू

- रुचि चौधरी, जलवायु कार्य नेटवर्क, दक्षिण एसिया
- दीपा ओली, वन तथा वातावरण मन्त्रालय



**Prakriti Resources Centre (PRC)**
107/22 Aruna Lama Marga, Ganesh Basti, Naryan Gopal Chowk, Kathmandu, Nepal
+977-01-4528602 info@prc.org.np www.prc.org.np